हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७


राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY



मो. ९८०५९६१००६

जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।



वर्ष : ०१ अंक : १६६ पृष्ठ : ४ २०७७ माघ ०४ गते आइतबार (Sunday 17 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


*सिरहा जिल्लामा काँग्रेसको बिशाल प्रदर्शन*

# सडकबाटै अधिनायक प्रवृति सच्चयाउने : काँग्रेस कोषाध्यक्ष यादव



**सिरहा ।** संविधान र कानूनलाई बाईपास गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले असंबैधानिक तवरबाट संसद विघटन गरेर अधिनायकवादी प्रवृति देखाएको हुँदा त्यसलाई काँग्रेसले सडकबाटै सच्चयाउने नेपाली काँग्रेस कोषाध्यक्ष सितादेवी यादवले बताइन् ।

काँग्रेसले सिरहामा आयोजना गरेको विरोधसभामा बोल्दै उनले कानूनी प्रक्रिया तथा संविधानलाई मिचेर ओलीले चालेको कदम विरूद्ध काँग्रेस डटेर आन्दोलन गर्ने चेतावनी दिए । 'जब जब देशमा अस्थिरता आएको छ तव तव काँग्रेस प्रतिकारमा उत्रेर ठेगान लगाएका छन्,'उनले भनिन्,'ओली प्रवृति नामको अधिनायकवादलाई पनि काँग्रेसले ठगान लगाएर जनपक्षीय काम गर्नेछन् ।'

ओली नेतृत्वको सरकारले विकास, व्यवस्थापन तथा सुशासन कम र गफ बढि गरेको उनको आरोप छ । काँग्रेसले चालेको विभिन्न योजनाहरूलाई नेकपा सरकारले जनताको पक्षमा काम गर्दै राम्रा योजना बनाएर प्रभावकारी कार्यान्वयन गरेको भ्रामक प्रचार मात्र गरेको उनले भनिन्,'विकास र निकास भन्दा ओली सरकारको अवधिमा काण्डै काण्ड भएको कुरा कसैबाट लुकेको छैन् ।' उनका अनुसार निर्मला पन्त काण्ड, वाइडबडी काण्ड, सुन काण्ड, ओमनी काण्डहरू मात्र छन् ।

जनतालाई सुविधा, सिचाई, स्वास्थ्य सेवा दिनुको साटो ओली नेतृत्व सरकारका मन्त्रीहरूले पार्टीका कार्यकर्ता भरपोषण काम मात्र गरेको आरोप लगाउदै उनले भनिन्,'मन्त्रीहरूको सबै खाले कुकृतलाई ढाकछोप गर्दै अघि बढ्दा प्रम ओलीले आ ँनो पतन निश्चय हुने बुझ्ेर संसद विघटन गऱ्यो ।'

'देशमा न्याय मरेको


*बाँकी २ पेजमा*



## बगैंचा सहितको जग्गा बिक्रीमा

**लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, ७ फिट भन्दा अग्लो टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।**

**सम्पर्क नम्बर : ०३३-५६०२१९**
**मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०**





# धनगढीमाई मेयर कप क्रिकेटको उपाधी ११ नं. को पोल्टामा



**■ मुकेश कुमार यादव**

**सिरहा ।** धनगढीमाई नगरपालिकाको आयोजनामा सम्पन्न प्रथम धनगढीमाई मेयर कप क्रिकेट प्रतियोगितामा ११ नम्वर वडा विजयी भएका छन् ।

टस जितेर ब्याटिङ रोजेका वडा नम्वर ११ ले १६ ओभरमा वाड नं. ८ लाई २ सय २४ को टार्गेट दिएको थियो । खेलको अन्तिम समयसम्ममा वाड नं. ८ ले ६ विकेटमा १ सय १४ रनमात्र प्राप्त गरेपनि २ सय २३ रन सहित वार्ड नम्वर ११ विजयी भएको हो ।

फाइनल खेलमा ११ का कप्तान राकेश मण्डले सवैभन्दा बढी ४६ बलमा ८५ रन लिएका थिए । त्यसैगरी कुशे मण्डलले ३१ बलमा ६९ रन लिएका थिए ।





## फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरु**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरु**

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. बृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

# अत्ति गरीब बिपन्नलाइ न्यानो कपड़ा बाड़ने सामाजिक अभियन्ता चौधरी



■ विसुनदेव सरदार

**लहान** । आज माघ ३ गतेमा सामुदायिक रेडियो सौगात एफएम लहान सिरहामा बिहान ८:३० वजे देखि ९:०० वजेसम्म सम्बाद पत्रकार विनोद मण्डल र राज्य व्यवस्था विभागका केन्द्रीय सदस्य तथा नेपाली काङ्ग्रेस जिल्ला सदस्य लहान नगर सभापति साथै सामाजिक सामाजिक अभियन्ता एपलो ऊँ मा. वि का संस्थापक बिच विशेष सम्बाद सम्पन्न भएको छ। सम्बाद कार्यक्रममा पत्रकार विसुन देव सरदार , अभय मणभ्क , विनोद मण्डल , साथै सामाजिक अभियन्ता महेश चौधरी उपस्थितिमा संवाद कार्यक्रम भएका छन।

आजको सम्बाद करोनाको कहरमा पनि खान नपाएकालाई खाना दिएका थिए। समाजसेवी महेश चौधरी र संगिता कर्माचार्यले भर्खरै एउटा मलिक समुदायमा अभिभावकत्व गरेको सुनाए । साथै आपत विपतमा सर्वसाधारण जनतालाई सहयोग गरेको वताएका छन। लहान नगरपालिकाको बस स्टेण्ड बारेमा बोल्दै हाईवेमा हिडने गाडीहरू आफु मन परी तरिकाले स्टेण्डमा जबर्जस्ती पसाएको । बस स्टेण्ड बने तर व्यवस्थित नरहेको बताए । साथै पर्यटन प्रबर्द्धनको लागि लहान नगरपालिका हाल सम्म पछि रहेको वताए। ब्रहमाण गोर्छारी , फुलवरियाधाम , मानिक दह , पकडिया गढ यी हाम्रो सामाजिक साँस्कृतिक धरोहर रहेको भनका छन। यसको संरक्षणमा लाग्नु पर्छ । लहान नगरपालिका मेयर मुनी साहलाई भन्दा मेरो ५ वर्षको सरकार हो म आफ खुसी विकास गर्छु । भन्ने धारणा रहेको चौधरीले वताए । यदि नेपाली काङ्ग्रेसलाई जनताले मौका दियो भए यस्तो दिन आउने थिएन । अर्थ व्यवस्था विभागका वारेमा लहान , सिरहा , गोलवजारको वारेमा समेत भनेका छन।

पिडितलाई नेपाली काङ्ग्रेसले नैतिक फिजिकल , सामाजिक आर्थिक , रूपमा सक्षम रहेको वताए । अन्तयमा शितलहरको वारेमा भने विकट ठाउँहरू जस्तै पहाडी , एकल महिला , वृद्ध , गरिव , दलित , जाडोमा कठ्याई रहेकालाई न्यानो कपडा वितरण गर्दै आईरहको वताए । यदि हामीलाई जनताले अवसर दियो भने सम्पूर्ण देश वासीहरू लाई भने यस्तो मेयर छान्नुस र जस्ले एउटा विकासका धारण ल्याउछ। भन्ने सौगात सहकर्मी विनोद मण्डल , विसुन देव सरदार , अभय मण्डल लाई धन्यवाद दिएर समापन भएका थिए।

# गोलबाजरमा जारी राष्ट्रिय व्याडमिन्टन प्रतियोगिताको सेमिफाइनल जारी



■ मुकेश यादव

**सिरहा** । गोलबजार नगरपालीका र राष्ट्रिय व्याडमिन्टन संघको आयोजनामा गोलबजार कवर्डहलमा सञ्चालित १० औं पुष्पलाल स्मृति राष्ट्रिय र्याङ्िकङ ब्याडमिन्टन प्रतियोगिताको १८ समूमा जारी सेमि फाइनल खेलमा अहिलेसम्म १४ खेलका नतीजा सार्वजनिक भएको छ ।

आज २ बजेबाट सुरु भएको सेमिफाइतल खेलमा पुरूष एकल तर्फ त्रिभुव आरमी क्लवका डेविढ थापामगर र दिवस शंकर विजयी फाइनलमा प्रवेश गरेका छन् । महिला एकलतर्फ कैलालीका प्राथना देवा र झापाकी अन्जना राई फाइनल प्रवेश गरेकी छिन् ।

त्यसैगरी, १७ वर्ष तलका पुरूष एकलतर्फ अर्मीकै भोज बहादुर गुरूङ्ग र आयुशमान नगरी, गल्स १७ वर्ष मुनिका २ खेल मध्ये आर्मीकी रशिला महर्जन र विराटनगरकी रोज पाण्डेले फाइनल प्रवेशको ढोका खोलेको छ ।

पुरूष डवलतर्फको खेलमा पनि आर्मीकै बर्चश्व रहेको छ । दुवै खेलमा आर्मीका पविन लिन्थेप, सुरज महर्जन र नविन श्रेष्ठ, रात्नजित तामाङ सेमिफाईनल पार गरेको छ । महिलातर्फको २ वटा डवल गेममा एपीएफका जेसीका गुरूङ, शुनैना मुखिया र आर्मीका अमिता गिरी र रशिला महर्जन विजयी भएका छन् ।

पुरूषकै ४५ वर्ष माथिक डलव खेलमा अनिल कुमार लाखे, शुवास श्रेष्ठको जोडी र पोखराका शोभाकर भण्डारी, नविन पराजुलीको जोडी पनि फाइनल प्रवेश गरेका छन् ।

र्याङ्कीङ १२ का लागि महिला र पुरूष एकल एक–एक, र रयाङ्कीङ १६ को लागि पुरूष २ खेलहरू भने जारी रहेको आयोजकले जनाएको छ । आज सेमिफाइनलका सवै खेलहरू सकिने आयोजकले जनाएको छ ।

प्रतियोगितामा ९ वटा इभेन्टस्को लागि प्रति इभेन्ट्स प्रथम २० हजार, दोस्रो हुनेलाई १५ हजार र तेस्रोत हुने २ जनालाई १० हजारका दरले जम्मा ५ लाख ९३ हजार पुरस्कार रासी रहेको आयोजकले जनाएको छ ।

प्रतियोगितामा देशभरका तीन सय २५ जना प्रतियोगिहरू सहभागी थिए । आजबाट शुरूभएको प्रतियोगिताको भोली ४ गते सम्पन्न हुने आयोजकले जनाएको छ ।

## सडकबाटै ...

छैन्,'उनले भनिन्,'अदालतले न्याय दिएको विगत साक्षी छ । संसद विघटनको सन्दर्भमा अदालतको सही निर्णय आउने छन् ।' अदालतको निर्णय आएर पनि ओली नामको अधिनायकवादी प्रवृति विरूद्ध सचेत भएर काम गर्नुपर्ने उनले बताइन् ।

जनता र काँग्रेसको अगाडि ओलीको कुनै सेटिङ्ग काम नलाग्ने काँग्रेस महासमिति सदस्य डा.सुभाषचन्द्र यादवले बताए । संघीयता र लोकतन्त्रलाई रक्षा गर्दै ओलीको भिजनलाई विफल पार्दै जनताको पक्षमा काँग्रेस उभेर अगाडि बढ्ने उनको दाबी छ ।

राज्यको अधिकांश तहमा ओलीले सेटिङ्ग मिलाएर संसद विघटन गरेको उनको आरोप छ । स्थानीय तह देखि संघीय सरकारसम्म जनतालाई लुट्ने वाहेक खासै काम नगरेको उनको तर्क छ । 'सुशासन नामको सु पनि छैन्,'उनले भने,'देशमा यदि सुशासन भएको भए काण्डै काण्ड भन्दा विकासै विकास हुने थियो । तर सरकारले जनता भन्दा काण्ड गर्नेहरूलाई संरक्षण दियो ।'

चुनाबी दौरानमा एकथरी र सरकारमा पुगेपछि ओलीले अर्कोथरी कुरा गरेर विकास भन्दा राज्यकोषको दुरूपयोग गरेको आरोप लगाउदै उनले भने,'प्रक्रिया भन्दा पहुँचको भरमा योजनाका कामहरू दिएका छन् । मन्त्री र मेयरका आसेपासेहरूले काम पाएका छन् । अरू युवाहरू काम नपाएर बेरोजगार भएकोबारे सरकारलाई कुनै चिन्ता र चासो छैन् ।'

सिकारू भन्दा अनुभवि चालकले राम्रोसँग गाडी चलाउने तर्क गर्दै उनले नेकपा र जसपा सरकार संचालन तथा संविधान रक्षा गर्न सक्ने क्षमता भएको पार्टी नभएकाले काँग्रेसले जनपक्षीय काम गर्न तयार रहेको उनले प्रष्ट पारे । 'बच्चा जन्म दिनेलाई मात्र त्यसको पिडा थाहा हुन्छ । जसले बच्चा जन्माएकै छैन त्यसलाई पिडाबारे के थाहा,'उनले भने,'काँग्रेस नेतृत्वको सरकारले संविधान ल्याएको छ त्यसैले काँग्रेसले नै त्यसलाई रक्षा गर्दै जनताको पक्षमा काम गर्नेछन् ।'

नेकपाको भित्रि झगडाको कारण देश र जनतालाई अनिर्णयको बन्दी बनाउन नमिल्ने तर्क गर्दै उनले ओलीको अधिनायकवादी प्रवृतिलाई काँग्रेसले कुनै पनि हालतमा स्वीकार नगर्ने प्रष्ट पारे । ओली सरकार तथा तिनका मन्त्रीले आˆना आफन्त भन्दा जनताको हितमा काम गर्ने भन्ने भ्रममा नपर्न उनले सबैसँग आग्रह गरे । जनता भन्दा शक्तिशाली कुनै पनि शक्ति नभएकोले जनताको सामु ओली सरकार धेरै दिन टिक्न नसक्ने बताउदै उनले भने,'जनतालाई साथमा लिएर काँग्रेसले ओलीलाई परास्त गर्दै जनताको पक्षमा दिगो महत्वका कामहरू गर्नेछन् ।'

सिरहा नगरपालिकाका नगर सभापति अषिशलाल यादवको अध्यक्षतामा भएको बृहत जनप्रर्शन कोणसभामा काँग्रेसका संजय प्रकाश यादव, जीवछ गुप्ता, उमेश यादव लगायतले ओलीको असंबैधानिक कदमको बिरोध गर्दै संविधान र संघीयतालाई रक्षा गर्ने पक्षधरको पक्षमा लाग्न सबैसँग आग्रह गरे ।

पूर्व घोषित विरोधका कार्यक्रम अनुसार नेपाली काँग्रेसले सिरहा जिल्लाको १७ वटै स्थानीय तहमा ओली सरकारको प्रवृति विरूद्ध बृहत जनप्रदर्शन गरेको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज धैर्य एवं लगनशीलताले अवसर दिलाउने छ । पराक्रम बढ्नुका साथै पारिवारिक सुख मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् ।

**वृष** :- आज धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ ।

**मिथुन**:- आज धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । आफन्तको सहयोग प्राप्त हुनेछ । व्यापारमा वृद्धि हुनुका साथै सामाजिक प्रतिष्ठा मिल्नेछ ।

**कर्कट** :- मनमा दुविधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**सिंह**:- चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाईएला । वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । शुभ समाचार सुन्नमा आउला ।

**कन्या** :- कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनमा उत्साहका साथै बोली विक्ने समयछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् ।

**तुला** :- धार्मिक सामाजिक कार्यमा विशेष रूचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । धर्म,कर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला ।

**वृश्चिक** :-स्थान परिवर्तनका विशेष योग देखिन्छन् । लगानिको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैशा खर्च हुने योगछ ।

**धनु** :- परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुन सकिने छ । विद्यामा सफलता पाइएला । अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाहान सुख पनि मिल्नेछ ।

**मकर**:- आज स्वादिष्ट भोजन पाईनेछ । प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**कुम्भ**:- सामाजिक कार्यमा रूचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । सोचेका काम पूरा हुनेछन् ।

**मिन** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । शत्रुपक्ष भने सबल रहने भएकाले सजग रहनु उचित हुनेछ ।

# संसद विघटनविरुद्ध जसपाको प्रदर्शन, नेता राजकिशोर यादवद्वारा बहिष्कार




**सिरहा ।** संसद विघटनविरूद्ध जनता समाजवादी पार्टी (जसपा)ले शनिबार सिरहा सदरमुकाममा आयोजना गरेको प्रदर्शन तथा भेला नेता राजकिशोर यादव बहिष्कार गरेका छन् ।

वरीयताक्रम मिचेर कार्यक्रम गर्न लागेको भन्दै नेता यादवले बहिष्कार गरेका हुन् । पूर्वनिर्धारित कार्यक्रमअनुसार नेतृ रेणु यादवको नेतृत्वमा त्यहाँ संसद विघटनविरूद्ध प्रदर्शन गरिएको छ ।

नेतृ यादवको प्रमुख आतिथ्यमा शुरू भएको सभामा जसपा नेता प्रकाश अधिकारी र प्रदेश २ का आर्थिक मामिला तथा योजनामन्त्री विजय कुमार यादव समेत वक्ता तोकिएका छन् । प्रदर्शन तथा सभाका लागि पार्टीले गरेको परिपत्रमा सबभन्दा अन्तिममा राजकिशोर यादवको नाम राखेको थियो । तत्कालीन राजपा अध्यक्ष मण्डलका सदस्य समेत रहेका राजकिशोर पार्टी एकीकरण पश्चात बनेको जसपाको मर्यादाक्रममा नेतृ रेणुभन्दा अगाडि छिन् ।

तर मर्यादाक्रम मिचेर नेतृ यादवलाई प्रमुख अतिथि बनाएको भन्दै नेता राजकिशोर असन्तुष्ट छन् । यही कारण उनले कार्यक्रम बहिष्कार गरेको बुझिएको छ । राजकिशोर पक्षका कार्यकर्ता राजाराम यादवले मर्यादाक्रम विषयमा पार्टी अध्यक्ष उपेन्द्र यादवलाई नै फोनमा थर्काएका थिए । प्रदर्शनका क्रममा प्रधानमन्त्री केपी ओली र राष्ट्रपति भण्डारीविरूद्ध नाराबाजी भएको थियो । प्रदेश २ को मलंगवा, कलैया र रौतहटमा समेत आजै जसपाले संसद विघटनविरूद्ध प्रदर्शन र सभा गरेको छ । मलंगवामा जसपा वरिष्ठ नेता राजेन्द्र महतो, कलैयामा प्रदेश २ का भौतिक पूर्वाधार विकास मन्त्री जीतेन्द्र सोनल र रौतहटमा नेता अनिल झाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

# संचार क्षेत्रको बिकासमा प्रदेश सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री राउत




**सप्तरी ।** मुख्यमन्त्री लालबाबु राउतले संचार क्षेत्रको बिकासमा सरकार प्रतिबद्ध रहेको बताएको छ । नेपाल पत्रकार महासंघ शाखा सप्तरीको दशौं साधारणसभालाई शनिबार सम्बोधन गर्दै उनले संचारक्षेत्रको विकास विना समृद्धि र शुशासनको कल्पना समेत गर्न नसकिने भन्दै यसको विकासमा आ˘नो सरकार प्रतिवद्ध रहेको बताएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले देशमा संकट आउदा पत्रकारहरूले खेलेको भुमिका महत्वोपुर्ण हुने गरेको बताए । कुनैपनि अधिकार प्राप्तिको आन्दोलन होस् वा देशलाई संकट पर्दा पत्रकारले गरेको योगदान महत्वोपुर्ण रहेको भन्दै मुख्यमन्त्री राउतले भने, 'संचार क्षेत्रको बिकास बिना देशमा सुशासन र समृद्धिको कल्पना समेत गर्न सकिदैन ।'

मुख्यमन्त्री राउतले प्रदेश सरकारले संचार क्षेत्रको बिकासका लागि छिट्टै संचार प्रधिकरण र मिडिया काउन्सिल गठन गर्न लागेको खुलासा गरे । प्रदेश सरकार संचार क्षेत्र र पत्रकारको समस्या प्रती गम्भीर रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले संचार क्षेत्रको बिकास र पत्रकारहरूको तमाम समस्य समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए । मुख्यमन्त्री राउतले बर्तमान देशको अस्थिर अबस्थामा पत्रकारहको जिम्मेवारी झन बढेको भन्दै संघीय सरकारले निमत्याएको जटिल अबस्थालाई सहि दिशामा ल्याउन सशक्त रूपमा पत्रकारहरूले भुमिका निर्वाहा गर्नुपर्ने बताए । मुख्यमन्त्री राउतले संबिधानको बर्खिलाप गर्दै प्रधानमन्त्री केपि शर्मा ओलिको सिफारिसमा राष्ट्रपती बिद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरेको भन्दै आत्रोश व्यक्त गरे । संबिधानमै नभएको अधिकार प्रयोग गरेर प्रधानमन्त्री ओलिले देशलाई प्रतिगमन तिर धकेलेको भन्दै ओलि सरकारको तानाशाही असंबैधानिक 'कु' विरूद्ध पत्रकारहरूले खबरदारी गर्नुपर्नेमा जोड दिए । सामाजिक बिकास मन्त्री नवल किशोर साहले देशमा परिबर्तन ल्याउन पत्रकारको ठूलो योगदान रहेको बताए । भुमी ब्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले देशको बिकास र राजनीति परिवर्तनमा सप्तरीका पत्रकारहरूको भुमिका अबिस्मरणिय रहेको बताए ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षतामा आयोजित साधारणसभामा राष्ट्रिय सभा सदस्य शेखर सिंह, प्रदेश सभा सदस्य मनिस सुमन सहितका बक्ताहरूले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । **गमकपोष्ट**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# लिच्छविकालीन शहरको राणाकालिन घरमा दार्जिलिङे स्वादको मःम



सतब्दी पुरानो खाँटी राणाकालिन घरमा बसेर, तिख्खर दार्जिलिङ स्वादको मःम खानुहुन्छ ? त्यसो हो भने तपाईं गहनापोखरी पुग्नुपर्छ । लिच्छवीकालिन विरासत आफैसँग समेटेर बसेकाै हाँडीगाउँ र गहनापोखरीको कथा एकछिन थाँती राखौं । यो ऐतिहासिक थलोमा पुगेपछि तपाईं नाम्गेल चोकतर्फ मोडिनुपर्छ । त्यहाँ भेटिन्छ, निम्बु क्याफे, रेष्ट्रो एन्ड बार ।

यो रेष्टुरेन्टको विशेषता के भने, तपाईं सताब्दी अघिको संरचनामा बसेर थरीथरीका मःमको स्वाद लिन सक्नुहुन्छ । औसत भन्दा केही होचो झ्याल–ढोका भएको राणाकालिन घरले केही नयाँपन अनुभव गराउँछ । साथसाथै दार्जिलिङ स्वादको मःमले पनि ।

अर्को कुरा, यहाँ केही यस्ता मःम पनि चाख्न सक्नुहुन्छ, जुन अन्यत्र खोजेर पाइदैन । जस्तो कि, मटका मःम । माटोको भाँडोमा अलग विधीबाट तयार गरिने यो मःमले आगन्तुकको जिब्रोलाई लोभ्याउनेछ । परम्परागत ढंगले खसीको पक्कु वा कटिया तयार गरेझै यो मःमलाई विशेष किसिमले पकाइन्छ । यही पाककलाले मटका मःमलाई स्वादिलो र पृथक बनाएको छ ।

मटका मःमसँगै यहाँ १७ थरीका स्वाद चाख्न सकिन्छ, मःमको । तन्दुरी मःम, झानेको मःम, क्रन्ची मःम, चकलेट मःम आदि । अहिलेका जाडो याममा झानेको मःम खास लाग्नसक्छ । ज्वानोमा झानिएको पिरो र तात्तातो मःमले जाडो भगाउँछ । यसमा इलामको अकबरे खुर्सानीको पिरो मिसाइन्छ । क्रन्ची मःम चाहिँ अहिलेका टिनएजर्सलाई स्वादिलो लाग्नसक्छ । यसैगरी चकलेट मःम बालबच्चालाई रूचीकर लाग्न सक्छ ।

मःम मात्र होइन, दक्षिणभारितय स्वादका परिकारदेखि समुन्द्री खान्कीसम्म यहाँ पाइन्छन् । मौलिक स्वादको बिरयानी खाने कि जेली फिस ? रोजाई तपाईंको । आखिर जे भनेपनि यहाँको मेनुको विशेष भनेको, दार्जिलिङे स्वादको मःम नै हो । यसमा भेज तथा ननभेज दुबै उपलब्ध छन् ।

पुरानो शैलीको यो घरलाई यथावत राखेर आवरणमा भने केही आधुनिक साजसज्जा दिइएको छ । अघिल्तिर फराकिलो एवं खुला ठाउँमा बसेर खाने वा घरभित्र ? दुबै बिकल्प छन् । जाडोमा आगो ताप्दै पारिवारिक माहौलमा पनि रमाउन सक्नुहुनेछ ।

यहाँ तपाईंले आ˜नो रूची अनुसारको पेयसँगै इलामको थरीथरी चिया पनि चाख्न सक्नुहुनेछ ।

वन्डर हस्पिटालिटी अन्तर्गत यो रेष्टुरेन्ट संचालमा ल्याइएको प्रभात योगी बताउँछन् । लामो समयदेखि हस्पिटालिटी क्षेत्रमा विताएका उनी यसलाई पूर्णत पारिवारिक रेष्टुरेन्ट भन्न रूचाउँछन् । रेष्टुरेन्टको नामलाई पनि उनी अर्थपूर्ण ढंगले व्याख्या गर्छन् । 'निम्बु अर्थात कागतीसँग स्वाद मात्र होइन आस्था पनि जोडिएको छ' उनी भन्छन्, 'यसले हाम्रो पाँचवटा इन्द्रियलाई सक्रिय गराउँछ । आँखा, नाक, कान, छाला र जिब्रो ।' यहाँको साजसज्जामा पहेंलो र हरियो रंगको संयोजन मिलाइएको छ । यसैगरी यहाँ पाक्ने सबैजसो परिकारमा कागतीको स्वाद अनुभव गर्न सकिन्छ । बिहान ६ बजेदेखि राती १० बजेसम्म यो रेष्टुरेन्ट खुला रहन्छ ।

**हाँडीगाउँको कुरा**

हाँडीगाउँलाई धेरैले चिन्छन्, एउटा उखानलाई लिएर । उखान यस्तो छ, 'कहीं नभएको जात्रा हाँडीगाउँमा ।' त्यसो त काठमाडौं पनि आफैमा जात्रै जात्राको शहर हो । त्यसमध्ये पनि हाँडीगाउँको जात्रा विशेष छ । यहाँ लिच्छविकालीन जात्रा एवं पर्व साक्षतकार गर्न पाइन्छ । भारतको वैशालीबाट आएका लिच्छवि राजाहरूले हाँडीगाउँलाई राजधानी बनाएका थिए । यहाँ अहिलेपनि त्यसबखतका कतिपय संरचनाहरू सुरक्षित छन् ।

*अनलाईनखबरबाट*

## वन अतिक्रमण नियन्त्रण सम्बन्धमा डिभिजन वन कार्यालय, सिरहा, लहानको अपिल

**पूर्ण वा आंशिक रुपमा रुखहरुले ढाकिएको तथा वनले घेरिएको वा वनको छेउछाँउमा रहेको पर्ति वा ऐलानी जग्गा तथा वन भित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत वन क्षेत्रको परिभाषा भित्र पर्दछ । वन क्षेत्रको जग्गा अवैध रुपमा खनजोत गर्नु तथा त्यसमा घर छाप्रो बनाउने कार्य वन अतिक्रमण हो ।**

**वन अतित्रमण जघन्य वन अपराध हो । वन अतिक्रमण भित्र निम्न क्रियाकलापहरु पर्छन ।**

**१. वन क्षेत्रको जग्गा आवाद गर्नको लागि फडानी गर्ने, खन्ने/ जोत्ने कार्य गर्ने ।**
**२. वन क्षेत्र ओगट्ने हिसाबले वनको जग्गामा साँध सिमाना लगाउने, बारबेर गर्ने ।**
**३. वन क्षेत्रमा आवद गरी अन्न वा कृषी बाली लगाउने ।**
**५. अनाधिकृत रुमा वन क्षेत्रमा टावर, विद्युतगृह, मठ मन्दिर, गुम्बा, चिहान वा मसानघाट, निजी तथा सामुदायिक भवन तथा विद्यालयहरु निर्माण गर्ने ।**

**वन क्षेत्र भित्र यस्ता क्रियाकलापहरु गर्ने गराउनेलाई वन ऐन, २०७६ को दफा ५0 को उपदफा (३) बमोजिम दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाइएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो वापत हुने सजाय समेत हुनेछ ।**

**वन अपराधमा दण्डीत हुनबाट बचौं। वन अतिक्रमण हुन नदिन आ- आफनो क्षेत्रबाट त्यस्ता क्रियाकलापमा संलग्न हुनेलाई दुरूत्साहित गरौं।**

**डिभिजन वन कार्यालय, सिरहा, लहान**

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**






लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)